# कविलासी नगरपालिका

# स्थानीय राजपत्र

खण्ड : २ संख्या : १ मिति : २०७७/०६/२५

**भाग-२**

**कविलासी नगरपालिका**

कविलासी नगरपालिकाको सहकारी ऐन, २०७६ को दफा १०१ (१) ले दिएको अधिकार प्रयोग गरी कविलासी नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७६ को दफा ४ बमोजिम कविलासी नगरपालिका, नगर कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको मापदण्ड सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

## संवत् २०७७ सालको मापदण्ड नं. १

## कविलासी नगरपालिकाको सहकारी संघ/संस्था संचालन, अनुगमन तथा नियमन सम्बन्धी मापदण्ड, २०७७

**प्रस्तावना :** सहकारी संस्था सम्बन्धी प्रचलित सहकारी सम्बन्धी कानुन, सहकारीको अन्तर्राष्ट्रिय मुल्य, मान्यता र सिद्धान्तहरूको अनुशरण गर्दै देश को आर्थिक विकासमा सरकार तथा निजी क्षेत्र सरहको भुमि का निर्वाह गर्न सक्षम बन्न सकुन भन्ने उदेश्य ले कविलासी नगरपालिका सहकारी ऐन, २०७६ बमोजिम सहकारी संस्थाले गर्ने वित्तीय कारोवारको नियमन कार्य प्रभावकारी बनाउन र सहकारी संस्थाहरूको कार्यलाई व्यवस्थित गर्न सहकारी ऐन, २०७६ को दफा १०१ (१) बमोजिम नगर कार्यपालिकाले यो मापदण्ड बनाएको छ।

## १. सक्षिप्त नाम र प्रारम्भ

१) यो मापदण्डको नाम ''सहकारी संस्था सञ्चालन, अनुगमन तथा नियमन सम्बन्धी मापदण्ड, २०७७'' रहेको छ।

२) यो मापदण्ड स्थानीय राजपत्रमा प्रकाशन भएको मितिदेखी सहकारी संस्थाको लागि लागु हुनेछ।

## २. परिभाषा

विषय वा प्रसँगले अर्को अर्थ नलागेमा यस मापदण्डमा,

क) ''ऐन'' भन्नाले कविलासी नगरपालिका सहकारी ऐन, २०७६ लाई जनाउनेछ।

ख) ''नियमावली'' भन्नाले कविलासीनगरपालिका सहकारी नियमावलीलाई जनाउनेछ।

ग) ''मापदण्ड'' भन्नाले सहकारी संस्था सञ्चालन, अनुगमनतथा नियमन सम्बन्धी मापदण्ड, २०७७ लाई जनाउनेछ।

घ) ''विनियम'' भन्नाले सम्वन्धीत सहकारी संस्थाको विनियमलाई जनाउनेछ।

ङ) ''संघ'' भन्नाले सहकारी संस्थाहरूको छाता सँगठनहरू जिल्ला सहकारी संघ, प्रदेश सहकारी संघ, विषयगत जिल्ला सहकारी संघहरू, विषयगत प्रदेशसहकारी संघहरू, विषयगत केन्द्रीय सहकारी संघ समेतलाई जनाउनेछ।

च) ''संस्था'' भन्नाले प्रारम्भिक सहकारी संस्थालाई जनाउनेछ।

छ) ''साधारण सभा'' भन्नाले सहकारी संस्थाको नियमित वार्षिक साधारण सभालाई जनाउनेछ।

ज) ''समिति'' भन्नाले सहकारी संस्थाको सञ्चालक समितिलाई जनाउनेछ।

झ) ''सदस्य'' भन्नाले सहकारी संस्थाको विनियम बमोजिम शेयर खरिद गरी सदस्यता प्राप्त गरेको प्राकृतिक व्यक्तिलाई जनाउनेछ।

ञ) ''व्यावसायिक इकाई'' भन्नाले सहकारी संस्थाहरू एक आपसमा मिली कुनै सामूहिक उद्देश्यका लागि गठित प्रारम्भिक सहकारी संस्थाहरूको व्यावसायिक इकाईलाई जनाउनेछ।

ट) ''पुँजी कोष'' भन्नाले सहकारी संस्थाको प्राथमिक पुँजी र पुरक पुँजीको योग सम्झनु पर्छ र सो शब्दले कविलासीनगरले समय समयमा पुँजी कोष भनी तोके को अन्य कोष समेतलाई जनाउनेछ।

ठ) ''प्राथमिक पुँजी कोष '' भन्नाले संस्था/संघको शेयर पुँजी र जगेडा कोष रकमलाई जनाउनेछ।

ड) ''पुरक पुँजी कोष'' भन्नाले संस्था/संघको अन्य कोष मध्ये सहकारी विकास कोष, घाटा पूर्ति कोष, डुवन्त ऋण कोष, कर्जा जोखिम कोष, स्थिरीकारण कोष तथा वाँडफाँड नगरेको मुनाफालाई जनाउनेछ।

ढ) ''कार्यविधि'' भन्नाले सहकारी संस्थाको कार्यविधि वा यस भन्दा पहिले प्रयोगमा ल्याइएको बचत तथा ऋण नीतिलाई समेत जनाउनेछ।

ण) ''कार्यक्षेत्र'' भन्नाले सहकारी संस्था वा संघलाई सदस्यता विस्तार र कारोवार गर्न तोकिएको भौगोलिक क्षेत्र वा निर्दिष्ट स्थानलाई जनाउनेछ।

त) "एकाघर परिवार" भन्नाले छुट्टी भिन्न नभै एक घर परिवारमा बसेका बाबु आमा, दाजु, भाई, दिदी, वहिनी, पति, पत्नी, छोरा, वुहारी, धर्मपुत्र, धर्म पुत्रिलाई जनाउनेछ। सो शव्दले सदस्यले पालन पोषण गर्नुपर्ने वा निजमा आश्रित व्यक्ति समेतलाई जनाउनेछ।

थ) "शेयर पँजी" भन्नाले सहकारी संस्था वा संघ वा बैंकको चुक्ता शेयर पूँजीलाई जनाउनेछ।

द) "निक्षेप" भन्नाले व्याज दिने गरी वा नगरी सहकारी संस्था वा संघ सदस्यहरूले नियमित वा आवधिक वा ऐच्छिक रुपमा सदस्यका नाममा जम्मा गरेको बचत रकमलाई जनाउनेछ। यस शब्दले सदस्यहरूका नावालक बालबालिकाको नाममा नियमित जम्मा हुने बचत रकमसमेतलाई जनाउनेछ।

ध) "लक्षित समुदाय" भन्नाले मानव विकास सचकांकमा पछि रहेका महिला, दलित, मुस्लिम, जनजाति, शारीरिक रुपमा कम सक्षम, भूमिहीन किसान, सकुम्बासी, मजदरु, दुर्गम क्षेत्रका बासिन्दाहरू र गरीबीको रेखामुनी रहेका अन्य समदुायलाई समेत जनाउनेछ।

**३. शेयर पूँजी सम्बन्धी मापदण्डः**

१) संस्थाले जारी गर्ने कूल शेयरपूँजीको रकम संस्थाको विनियममा उल्लेख गर्नु पर्नेछ।

२) संस्था दर्ता गर्न आवेदन गर्दा कूल शेयर पुँजी उल्लेख गर्नुपर्नेछ।

३) प्रस्तावित सदस्यहरूले खरिद गरेको शेयर पूँजीको नामनामशी विवरण तोकिएकोढाँचामा दर्ताको आवेदन साथ पेश गर्नु पर्नेछ।

४) संस्था दर्ताको बेला चुक्ता शेयर पूँजीको रकम कूल शेयर पूँजीको कम्तिमा २०प्रतिशत हुनपुर्नेछ।

५) तत्काल बस्ने साधारण सभाबाट अनुमोदन गराउने गरी समितिको निर्णयले संघसंस्थाको शेयर पूँजी वृद्धि गर्न सकिनेछ। शेयर पूँजी वृद्धिको निर्णयको जानकारी सम्बन्धित कार्यालयमा गराउनु पर्नेछ।

**४. शेयर खरिद र अन्य सहकारीमा लगानी**

१) एउटा प्रारम्भिक सहकारी संस्थाले अर्को प्रारम्भिक सहकारी संस्थाको शेयर खरिद गर्न वा सो सँग बचत तथा ऋणको कारोबार गर्न पाउने छैनन।

२) यो मापदण्ड जारी हुनु अघि गरीएको अन्य निजी व्यवसाय वा कम्पनी वा फर्ममा गरीएको लगानी यो सहकारी ऐनले तोकेको समय भित्र संस्थामा फिर्ता ल्याउने व्यवस्था मिलाउनु पर्नेछ। यो मापदण्ड जारी भएपछि कुनै निजी व्यवसाय वा व्यापारिक फर्म वा कम्पनीमा शेयर र ऋण लगानी गर्न पाइने छैन। यस मापदण्ड विपरित गरीएको शेयर तथा ऋण लगानी सञ्चालकहरूबाट असुल उपर गराई संस्थाको कोषमा दाखिला गर्नलगाइनेछ।

३) आफू सदस्य रहेको विषयगत संघ वा राष्ट्रिय सहकारी वैंक बाहेक कुनै पनि संस्थाले समानान्तर अर्को प्रारम्भिक संस्थामा बचत निक्षेप जम्मा गर्न पाउने छैन। विषयगत संघ वा सहकारी बैंकमा राखिएको निक्षेप रकमलाई तरलतामा गणना गरिने छ।

**५. सञ्चालक र लेखा समितिको गठन**

१) एकै परिवारबाट एक भन्दा वढी व्यक्ति एउटै संस्थाको सञ्चालक वा लेखा समितिको कुनै पदका लागि निर्वाचनमा उम्मेदवार हुन पाउने छैन।

२) संस्थाहरूमा सचिवालय गठन गर्न पाइनेछैन ।

३) संस्थाबाट लिएको ऋणको भाखा नाघेको ऋण र तिर्नु बुझाउनु पर्ने अन्य रकम नबुझाएसम्म र वैंक तथा वित्तिय संस्थाबाट कर्जालिई कालो सूचीमा परेका व्यक्ति, सञ्चालक वा लेखा समितिको कुनै पदमा उम्मेदवार हुन पाउने छैन ।

४) सञ्चालक समितिले आफ्नो पदावधि समाप्त हुन अगावै नयाँ समितिको लागि निर्वाचन गराउन पर्नेछ ।

५) कुनै पनि व्यक्ति कविलासीनगरपालिका भित्रका एकै प्रकृतिको एक भन्दा बढी सहकारी संस्थाको सदस्य हुन पाउने छैनन । उजुरीका आधारमा कविलासी नगरपालिकाले दोहोरो सदस्यता खारेज गर्ननिर्देशन गर्नेछ ।

६) संस्थाको सञ्चालक वा लेखा समितिको पदमा उम्मेदवार हुदाँसदस्यले आफ्नो नाम कालो सूचीमा नपरेको, एकाघर परिवारका अन्य व्यक्तिले मनोनयन पत्र दाखिला नगरेको, र आफू सोही प्रकृतिको अन्य संस्थाको सञ्चालक वा लेखा समितिको पदाधिकारी नरहेको भनी मनोनयन पत्रमा उल्लेख गर्नु पर्नेछ ।

७) संस्थाको विनियममा सञ्चालकको पदमा उम्मेदवार हुन सदस्य सदस्यहरूका वीच विभेद हुने गरी कुनै प्रावधान राख्न पाईने छैन । तर यस व्यवस्थाबाट संस्थाको संचालक समितिको दोश्रो कार्यकाल देखि एक कार्यकाल सम्म निरन्तर रुपमा संस्थाको सदस्य रही आर्थिक कारोबारमा संलग्न रहेको व्यक्ति हुनु पर्ने व्यवस्था तथा पछाडी परेका महिला वा निश्चित समदुायका व्यक्तिहरूको प्रतिनिधित्व सुनिश्चीत गर्नविनियममा गरीएको विशेष व्यवस्था अन्तर्गतका पदहरूमा सोही लिंग वा समदुायका व्यक्तिहरूले मात्र तोकिएको पदमा उम्मेदवार वन्न र निर्वाचित हुन वाधा पर्ने छैन ।

८) एक व्यक्ति समानस्तरको कुनै एक संस्थाको समितिको मात्र पदाधिकारी भई काम गर्न सक्नेछन ।

९) कर्मचारीहरूको सहभागितामा कर्मचारीहरू मात्र सदस्य हुन पाउने गरी सञ्चालनमा रहेका संस्था बाहेक अन्य संस्थाको समितिको कुनै पनि पदको निर्वाचनमा वहालवाला निजामती कर्मचारी, बैंक तथा वित्तिय संस्थामा कार्यरत कर्मचारीहरू उम्मेदवार हुन पाउने छैनन् । तर यस प्रावधानले सरकारको लगानी वा सम्पत्तिको उपयोगका कारणबाट सञ्चालक समितिमा पदेन सञ्चालकको भूमिका निर्वाह गर्न यस व्यवस्थाले बहालवाला निजामती कर्मचारीलाई कुनै बाधा पर्ने छैन ।

**६. सञ्चालक समितिको काम तथा कर्तव्यः**

विनियममा गरीएको व्यवस्था अन्तर्गत वा वाहेक देहायका जिम्मेवारी वहन गर्ने दायित्व समितिको हुनेछ ।

१) संस्था वा संघको बचत तथा सम्पत्तिको सुरक्षा र संरक्षण गर्ने जिम्मेवारी संयक्तु रुपमा सञ्चालकहरूको हुनेछ । तर बरबुझारथ नगरेको अवस्थासम्म संस्थावा संघको सम्पत्ति र दायित्व सम्बन्धी जिम्मेवारी अघिल्लो सञ्चालकहरूले समेत वहन गर्नु पर्नेछ । बरबुझारथ भए गरेकोमा सोही बमोजिमको दायित्व निर्वाह गर्नु पर्नेछ ।

२) बचत तथा ऋणको कारोवार गर्ने संस्थाले साधारण सभाको स्वीकृतिम बनेको वचत तथा ऋण कार्यविधिका आधारमा एक निश्चित रकम सम्मको ऋण प्रवाहमा व्यवस्थापनलाई अधिकार प्रत्यायोजन गरे देखी बाहेक ऋण उपसमितिको सिफारिसमा मात्र सञ्चालक समितिले ऋण लगानी गर्नु पर्नेछ । ऋण प्रवाहमा प्रक्रियागत त्रुटीका कारण जोखिम उत्पन्न भएमा सम्बन्धित निर्णय गर्ने अधिकारी र प्राबिधिक रुपले सिफारिस गर्ने कर्मचारी एवं सामूहिक रुपमा निर्णयमा संलग्न समितिका सबै पदाधिकारीले जिम्मेवारी वहन गर्नु पर्नेछ ।

३) निर्वाचन भएको १५ दिन भित्र निर्धारित ढाँचामा संस्था वा संघका सञ्चालक समिति र लेखा समितिको पदाधिकारीहरूको हालसालै खिचिएको फोटो सहित तिन पुस्ते नाम, पद, स्थायी ठेगाना, सम्पर्क फोन र पत्राचारको ठेगाना खुल्ने विवरण, एवं नागरीकताको प्रमाणित प्रतिलिपि कविलासी नगरपालिकानगरकार्यपालिकाको कार्यालयमा पेश गर्नु पर्नेछ ।

४) प्रारम्भिक संस्थाको सञ्चालक समितिको नियमित बैठक कम्तिमा महिनामा एक पटक राख्नु पर्नेछ । समितिको निर्णय पुस्तिका सुरक्षित साथ संघ संस्थाको कार्यालयमा राख्ने व्यवस्था अध्यक्ष र प्रमखु व्यवस्थापकले मिलाउनु पर्नेछ । प्रत्येक बैठकको निर्णयका बारेमा सञ्चालकहरू जिम्मेवार हुनेछन् ।

५) सञ्चालक र प्रमुखु ब्यवस्थापकले उपयोग गर्ने सेवा सुविधाको व्यवस्था साधारण सभाले पारित गरेको आर्थिक प्रशासन सम्बन्धी नियमावली र स्वीकृत वार्षिक वजेट तथा कार्यक्रम बमोजिम हुनेछ । सामान्यतया यस्तो सुबिधा प्रचलन वा संस्था वा संघ वा बैंकको वित्तिय विश्लेषणका आधारमा अस्वभाविक दखिएमा समायोजनका लागि कार्यालय वा विभागले आवश्यक निर्देशन दिन सक्नेछ । निर्देशनको पालना गर्नु संस्था वा संघ वा बैंकको कर्तव्य हुनेछ ।

६) समयमै लेखा परीक्षण गराई साधारण सभा सम्पन्न गर्ने दायित्व सञ्चालक समितिको हुनेछ । पदावधि समाप्त हुनु कम्तिमा १५ दिन अगावै निर्वाचनको व्यवस्था मिलाउनु पर्ने कामको दायित्व समितिको हुनेछ ।

७) शेयर सदस्यता दिने नदिने अधिकार समितिको हुनेछ । सदस्यता दिदा प्रस्तावित सदस्यको विस्तृत विवरण लिई अभिलेख राख्नु पर्ने अन्तिम दायित्व समितिको हुनेछ । बिनियममा भएको व्यवस्था बमोजिम सदस्यको उत्तरदायित्व निर्वाह नगरेको आधारमा समितिले प्रक्रिया पुरा गरी सदस्यता खारेज गर्न सक्नेछ । समितिले गरेको निर्णय चित्त नबुझेमा ३० दिन भित्र समिति मार्फत साधारण सभामा पुनरावेदन गर्न सकिनेछ । सदस्यता खारेज सम्बन्धी अन्तिम निर्णय पुनरावेदनका लागि निवेदन दिए पछि बस्ने साधारण सभाले गर्नेछ । पुनरावेदन सम्बन्धी निवेदन साधारण सभामा पेश गर्ने दायित्व समितिको अध्यक्षको हुनेछ ।

८) कुनै सदस्यले सदस्यता छाड्न चाहेमा ६० दिन अघि लिखित रुपमा समितिसँग माग गर्नुपर्नेछ । संचालक समितिले बैठकबाट निर्णय गरी त्यस्तो सदस्यको सम्पत्ति र दायित्व यकिन गरी शेयर रकम फिर्ता गर्नु पर्नेछ ।

संचालक समितिले शेयर रकम फिर्ता नगरेमा सो को पुनरावेदन सुन्ने निकाय साधारण सभा हुनेछ ।

**७. लेखा सुपरिबेक्षण समितिको गठन र दायित्वः**

१) संस्थाको लेखा सुपरिबेक्षण समिति एक जना संयोजक सहित ३ सदस्यीय हुनेछ । सदस्य निर्वाचित गर्दा कम्तिमा १ जना सदस्य लेखाको ज्ञान भएको व्यक्ति हुनु पर्नेछ ।

२) लेखा सुपरिबेक्षण समितिको गठन शेयर सदस्यहरूले निर्वाचनबाट गर्नेछन् ।

३) संस्थाको अध्यक्ष र कार्यकारी प्रमखु सँग एकाघरको नाता सम्वन्ध रहेको शेयर सदस्य लेखा समितिको संयोजक वा सदस्य हुन सक्ने छैन । लेखा सुपरिबेक्षण समितिका पदाधिकारीले अध्यक्षसँगको आफ्नो नाता सम्बन्ध वा व्यापारिक स्वार्थ भए नभएको बारेमा सञ्चालक समितिलाई लिखित रुपमा जानकारी गराउनु पर्नेछ ।

४) प्रत्येक संस्थाको लेखा समितिले देहायका विषयमा परीक्षण गरी अनिवार्य रुपमा वार्षिक प्रतिवेदन साधारण सभा र सोको एक प्रति सम्बन्धित कार्यालयमा पेश गर्नु पर्नेछ ।

क) व्यवस्थापन परीक्षण (खास गरी कर्मचारी व्यवस्थापन र सम्पत्तिको उचित प्रयोग र संरक्षणका वारेमा) ।

ख) साधारण सभा र विशेष साधारण सभाको निर्णयको कार्यान्वयनको अवस्था ।

ग) सञ्चालक समितिको वैठक, निर्णय र कार्यान्वयनको नियमितता ।

घ) बचत तथा ऋणको कारोवार गर्ने संस्थाको हकमा ऋण लगानी प्रक्रिया र संरक्षणको अवस्था ।

ङ) शेयर सदस्यहरूलाई नियमानुसार दिईएको मुनाफा र अन्य थप सविधाहरू ।

च) कार्यालय, प्रदेश, विभाग वा सम्वन्धीत संघहरूले अनुगमन निरीक्षण गर्दा देखाईएको कैफियत र सुझावहरूकोकार्यान्वयनको अवस्था ।

छ) संस्था वा संघ वा बैंकको पदाधिकारी र प्रमुख कार्यकारीले लिएका पारिश्रमिक, सुविधा र भत्ता सम्वन्धी विवरण ।

ज) कर्मचारी भर्ना प्रक्रिया ।

झ) लेखा सुपरिबेक्षण समितिले उल्लेख गर्न चाहेका अन्य विषयहरू ।

५) लेखा सुपरिबेक्षण समितिले मासिक आधारमा नियमित परीक्षण गरी प्रतिवेदन तयार गर्नु पर्नेछ ।

६) लेखा समितिको वार्षिक प्रतिवेदन नियमित वार्षिक साधारण सभा वस्नु भन्दा कम्तिमा १५ दिन अगाडि सञ्चालक समितिमा पेश गर्नु पर्नेछ । सञ्चालकसमितिले वार्षिक साधारण सभाको विवरणमा सो प्रतिवेदन अनिवार्य रुपमा समावेश गरी शेयर सदस्यहरूलाई उपलब्ध गराउन पर्नेछ ।

७) लेखा समितिको प्रतिवेदनहरू लेखापरीक्षकलाई लेखापरीक्षण गर्नु अघि नै उपलब्ध गराउनुपर्नेछ ।

८) प्रत्येक चौमासिक प्रतिवेदन तयार गरी सञ्चालक समितिका अध्यक्षवाकार्यकारी प्रमुखु मार्फत समितिमा पेश गर्नु पर्नेछ ।

९) प्राप्त प्रतिवेदन वारे सञ्चालक समितिलाई स्पष्ट पार्न सञ्चालक समितिको वैठकमा लेखा सुपरिवेक्षण समितिका संयोजक वा निजको अनपुस्थितिमा कुनैअर्को सदस्यलाई आमन्त्रण गर्नु पर्नेछ ।

१०) अनुगमनको क्रममा लेखा समितिले आफ्नो दायित्व वहन गर्न नसकेको वा नगरेको पाईएमा वा सदस्यहरूले निवेदन दिएमा प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृत कर्मचारीले

तत्काल अर्को लेखा सुपरिवेक्षण समिति गठनकालागि विशेष साधारण सभा वोलाउन निर्देशन दिन सक्नेछ।

**८ साधारण सभा**

१) साधारण सभा सम्पन्न भएको १५ दिन भित्र सम्बन्धित संस्थाले लेखापरीक्षणको प्रतिवेदन, कारोवारको वार्षिक प्रतिवेदन, अध्यक्षले प्रमाणित गरेको सभाको निर्णयका प्रतिलिपिहरू, सदस्यहरूको उपस्थितिको विवरण र निर्वाचन सम्पन्न भएको भए सञ्चालक र लेखा सुपरिवेक्षण समितिका पदाधिकारीहरूको व्यक्तिगत विवरण समेत तोकिएको ढाँचामा सम्बन्धित कार्यालयमा पेश गर्नु पर्नेछ ।

२) साधारण सभाको सुचना प्रशारणमा देहायका प्रक्रियाहरू पुरा गर्नु संघ/संस्थाको कर्तव्य हुनेछ।

क) साधारण सभा बस्ने सुचना कम्तिमा १५ दिन अगाडि प्रकाशन र प्रशारण गर्नु पर्नेछ।

ख) विशेष साधारण सभाको सुचना कम्तिमा ७ दिन अगाडि प्रकाशन र प्रशारण गर्नु पर्नेछ ।

ग) सुचनाका लागि सबै सदस्यहरूले जानकारी पाउने माध्यमको उपयोग गर्नु पर्नेछ।

घ) प्रकाशित वा प्रशारित सुचनाको जानकारी सम्बन्धित कार्यालयलाई सुचनाप्रकाशित भएको मितिले ३ दिन भित्र छिटो साधनद्वारा गराउनु पर्नेछ।

ङ) सुचनामा सभा बस्ने स्थान, मिति, समय, र सभामा प्रस्तुत हुने प्रमुख विषयहरू समावेश गर्नु पर्नेछ ।

च) नयाँ सञ्चालक समिति र लेखा सुपरिबेक्षण समिति वा रिक्त पदहरूमा निर्वाचन गर्नु पर्ने भए निर्वाचन सम्बन्धी कार्यक्रमको संक्षिप्त विवरण समेत अनिवार्य रुपमा प्रकाशन वा प्रशारण गर्नु पर्नु पर्नेछ।

छ) सभा बस्ने स्थान संस्थाको कार्यक्षेत्र भित्रको कार्यालय परिसर वा नजिकको सभा हलमा व्यवस्थापन गर्नु पर्नेछ।

ज) साधारण सभा सञ्चालन भड्किलो र खर्चिलो रुपमा गरेको पाइएमा सम्बन्धित नगरकार्यपालिका कार्यालयले सचेत गराउन सक्नेछ। सभामा गरीने खर्चको मापदण्ड तयार गरी वार्षिक कार्यक्रम तथा वजेटमा समावेश गर्ने साथै खर्च गर्ने स्पष्ट आधार, जिम्मेवारी तथा खर्चको सीमा समितिबाट पुर्व निर्णय गरी कार्यान्वयन गर्नु पर्नेछ।

३) निर्वाचन कार्यक्रममा मतदान अधिकृतका रुपमा कार्यालयले प्रतिनिधि खटाउन सक्नेछ।

**९. निक्षेप सकंलन तथा ऋण प्रवाहको सीमा:**

१) संस्थाले निक्षेप संकलन गर्ने र कर्जा प्रवाह गर्ने कार्य आफ्नो सदस्यहरूका वीचमा मात्र सीमित गर्नु पर्नेछ । तर वित्तीय निकायहरुको सुविधा नपुगेका क्षेत्रहरुमा सामाजिक तथा संगठित संघ संस्थाहरुको बचत निक्षेप स्वीकार गर्न यस प्राबधानले बाधा पुऱ्याएको मानिने छैन।

२) संकलित निक्षेप रकम सदस्यहरूलाई ऋण प्रवाह गर्ने काम बाहेकको प्रयोजनमा प्रयोग गर्न पाइने छैन।

३) संस्था संघ र बैंकहरुमा खाता खोलेको र बन्द गरेको जानकारी ७ दिन भित्र विभाग वा सम्बन्धित कार्यालयमा जानकारी गराउनु पर्नेछ।

४) सहकारीसंस्थाले आफ्नो सदस्यसँग निक्षेप संकलन गर्दाप्राथमिक पँजी कोषकोवढीमा दश गणुासम्म मात्र संकलन गर्न सक्नेछ ।

५) निक्षेप संकलन गर्दा सम्पत्ति सुद्दीकरणको मापदण्डलाई अवलम्बन गर्नुपर्दछ ।

**१०. व्याज दर सम्बन्धी व्यवस्था:**

१) समान्यता संस्थाले वचत निक्षेपमा प्रदान गर्ने व्याजदर र ऋण लगानीमा लिने व्याजदरको निर्धारण सन्दर्भ ब्याजदरको आधारमा गर्नुपर्नेछ । यसरी व्याजदर निर्धारण गर्दा संस्थाले अन्यत्रबाट आएको ऋणको रकम वा सदस्यहरुको बचत निक्षेपमा दिइने ब्याजदर र सदस्यलाई प्रवाह गरिने कर्जा वा ऋणमा लिइने औसत ब्याजदरको अन्तर ६ प्रतिशत भन्दा वढी हुने गरी तोक्न पाइने छैन । लिने दिने ब्याज दर सहकारी संस्थाहरुको बीचमा रहेको चलन चल्तीको दर भन्दा अधिक भएको पाइएमा बढी लिने दिने गरेको ब्याज बापतको रकम सम्बन्धित सदस्यलाई फिर्ता बुझाउनु पर्नेछ ।

२) संस्थाले कर्जा र निक्षेपको ब्याज दर निर्धारण गर्दा विभेदकारी व्यवस्था र व्यवहार गर्न पाईने छैन । लिने दिने व्याज दरमा विभेद गरेको पाइएमा त्यस्तो विभेदबाट संस्थालाई हानी पुर्याइएको रकम सञ्चालकहरूबाट असुल उपरगरीनेछ ।

३) विभिन्न नामको निक्षेपमा दिइने व्याज दर र विभिन्न कर्जामा लिइने व्याज दरको अन्तर ३ प्रतिशत भित्र कायम राख्नु पर्नेछ ।

४) निक्षेप र कर्जाको ब्याजदर अनिवार्य रुपले संस्थाको साधारणसभाबाट निर्णय गराई लाग गर्नु पर्नेछ ।

५) ब्याजदर परिवर्तनको सुचना शेयर सदस्यहरूको जानकारीका लागि सार्वजनिक रुपमा एक पटक प्रकाशित गर्न सकिनेछ ।

६) कर्जामा समदर तथा चक्रवृद्धि ब्याज लगाउन पाईने छैन ।

७) विभिन्न किसिमका वचतमा दिइने व्याज दर र ऋणमा लिने ब्याजदर साधारण सभाले स्वीकृत गरेको वचत तथा ऋण कार्यविधि अनुसार हुनेछ ।

**११. निक्षेप सकं लन, ऋण लगानी र व्याज सम्बन्धी जानकारी पेश गर्नु पर्ने:**

१) संस्थाको सञ्चालक समितिले वचत निक्षेप, ऋण लगानी, व्याज निर्धारण आदि विषयहरूमा आवश्यक शर्त, प्रक्रिया तथा कार्यविधिहरू स्वीकृत गरी कार्यान्वयन गर्नु पर्नेछ ।

२) संस्थाले निर्धारण गरेको व्याजदरको विवरण समय समयमा सम्बन्धित कार्यालयले माग गरेको समयमा पेश गर्नु पर्नेछ । संस्थाले परिवर्तन गरेको व्याजदर जानकारीका लागि संस्थाको कार्यालयको सुचना पाटीमा टाँस गर्नु पर्नेछ ।

**१२. लेखा राख्नेप्रणाली:**

संस्थाका सदस्यहरू वीच लाभाँश वितरण प्रयोजनको लागि नगद आधारमा व्याज आय लेखा राखी अन्य प्रयोजनका लागि प्रोदभावी आधारमा कारोवारको लेखा राख्नु पर्नेछ । नगदमा प्राप्त नभएको व्याजलाई पाउनु पर्ने व्याज हिसावमा खर्चलेखी व्याज मुल्तवी हिसावमा जम्मा गर्ने ब्यवस्था गर्नु पर्नेछ । तर यस भन्दा अगाडी यो दफा पालना नगरेका संस्थाहरुले २०७८ असाढ मसान्तभित्र समायोजन गरी सक्नु पर्नेछ ।

**१३. ऋण लगानीका लागि प्रक्रिया तथा सीमाहरू**

१) संस्थाले आफ्नो प्रत्येक सदस्यलाई संस्थाको कूल पुँजी कोषको १० प्रतिशतमा नवढाई ऋण प्रदान गर्न सक्नेछ ।

२) उपदफा (१) बमोजिम ऋण प्रदान गर्दा ऋण लगानीको उद्देश्य खुलाउन पर्नेछ र संस्थाको उद्देश्य अनुसार स्वीकृत परियोजनाको आधारमा ऋण लगानी गर्नु पर्नेछ ।

३) सामन्यतया कुनै सदस्यले लिएको ऋणको सावां र व्याज भुक्तानी नगरेसम्मनिजलाई पुनः ऋण लगानी गर्न पाइने छैन । विशेष परिस्थितिमा कारण खुलाई सञ्चालक समितिको निर्णयले ऋण सम्झौता पुनरावलोकन गरी वा अल्पकालीन रुपमा थोरै रकम लगानी हुने गरी ऋण दिन सकिनेछ । स्पष्टिकरणः यस दफाको प्रयोजनका लागि कूल पुँजीकोष भित्र जम्मा शेयर रकम, जगेडा कोष, बाँडफाँड नगरेको लाभाँश, कर्जा जोखिम व्यवस्था, स्थिरीकरण कोष र घाटापुर्ति कोषको रकमलाई जनाउने छ ।

४) प्रस्तावित ऋण रकम उचित सुरक्षण हुने गरी जायजेथा धरौटी वा कुनै सदस्यको धन जमानीमा मात्र संस्थाले ऋण लगानी गर्नुपर्नेछ । तर संस्थाले जेथा जमानी नभएका सदस्यहरूलाई कुनै वा केही सदस्यहरूको निक्षेप धितो रहने शर्तमा वा संस्थाको स्वीकृत कार्यविधिबमोजिम बिना धितो लघु ऋण लगानी गर्न वाधा पर्ने छैन ।

५) ऋण लगानी गर्दा ऋण माग फारमको उपयोग, धितो मुल्यांकन प्रकृया, ऋण उपसमितिको सिफारिस वा स्विकृति र अनुमोदन जस्ता पूर्व निर्धारित प्रक्रिया अवलम्वन गरी ऋण प्रदान गर्नु पर्नेछ ।

६) संस्थाले जेथा धितो राखी ऋण लगानी गर्दा ऋण लिने सदस्यको आफ्नै वा एकाघरका परिवारका सदस्यको नामको जेथा धितो राखेर मात्र ऋण लगानी गर्नु पर्नेछ ।

७) संस्थाबाट प्रवाहित हुने सवै प्रकारका ऋण लगानीमा कुल परियोजना लागतको वढीमा ८० प्रतिशत अशं संस्थाबाट र घटीमा २० प्रतिशत अशं ऋणी सदस्यको स्व-पुँजीबाट व्यहोर्ने गरी ऋण लगानी गर्ने व्यवस्था मिलाउनु पर्नेछ । सदस्यहरूलाई घरजग्गा खरिद गर्न ऋण दिनु पर्ने भएमा कूल मुल्यको बढीमा ४० प्रतिशत मात्र लगानी गर्न सकिनेछ । संस्थाले कुल ऋण लगानीको २५ प्रतिशतमा नवढ्ने गरी घर जग्गामा कर्जाको सीमा निर्धारण गर्नु पर्नेछ ।

८) नेपाल राष्ट्र बैकबाट सीमित बैकिङ्ग कारोवार गर्ने स्वीकृति लिएका संस्थाहरूको हकमा ऋण नोक्सानी कोष लगायतका व्यवस्थामा नेपाल राष्ट्र बैंकले तोके बमोजिम शर्त पालना गर्न यस मापदण्डले कुनै वाधा पुर्याएको मानिने छैन ।

९) रु. १० लाख भन्दा माथिको कुल परियोजना लागत निर्धारण गर्दा संस्थागत मुल्यांकनकर्ताहरूबाट र अन्यमा कुनै एक सञ्चालक, ऋण उप समिति सदस्य र ब्यवस्थापकको सामहिक टोलीले मुल्याँकन गर्नु पर्नेछ ।

१०) संस्थाले आफ्नो सदस्यको शेयर प्रमाणपत्र धितो जमानी राखी कर्जा प्रवाह गर्न पाउने छैन ।

११) संस्था दर्ता हुदाँका बखत रहेका सदस्य बाहेक अन्यको हकमा सदस्यको रूपमा तीन महिनासम्म संस्थामा नियमित बचत गरे पछि मात्र कर्जा प्रवाह गर्न सकिनेछ ।

१२)साधारण सभाको स्वीकृतिमा कर्जा प्रवाह सम्बन्धी प्रशासनिक खर्चका लागि बढिमा १ (एक) प्रतिशतसम्म व्यवस्थापन शुल्क लिने बाहेक कर्जा प्रवाहको नाममा अन्य कुनै शुल्क लिएको पाइएमा सम्बन्धित सदस्यलाई फिर्ता गराउने र संचालक समितिलाई सचेत गराइनेछ ।

१३) संस्थाले ऋण लगानी गर्दा घट्दो दरमा ब्याज हिसाव गर्नु पर्नुर्नेछ । व्याज पुँजीकरणगर्न पाइने छैन ।

१४) धितो वापतको सम्पत्ति संस्थाको नाममा दृष्टिवन्धक वा रोक्का गराइ राख्नु पर्नेछ । सञ्चालक वा अन्य कुनै व्यक्तिको नाममा राख्न पाइने छैन ।

**१४. समितिका सदस्यले ऋण लिंदा पालन गर्नु पर्ने मापदण्डः**

१) संस्थाका सञ्चालक तथा लेखा सपरीवेक्षण समितिका ४९ प्रतिशत भन्दा बढी पदाधिकारीहरूलाई एकै अवधिमा ऋण लगानी गर्न पाइने छैन । संस्थामा आवश्यकता भन्दा बढी तरलता रहेको अवस्थामा छोटो अबधिको ऋण लगानी गर्न भने यो व्यवस्थाले बाधा पर्ने छैन ।

२) संस्थाको सञ्चालक समिति, लेखा समिति, ऋण उप-समितिका पदाधिकारी तथा व्यवस्थापकले लिएको ऋणको विवरण वार्षिक रुपमा नगर कार्यपालिका कार्यालयमा पेश गर्नपर्नेछ ।

३) ऋणको वर्गिकरणस् संस्थाले आफ्ना सदस्यलाई ऋण लगानी गर्दा नेपाल राष्ट्र बैंकबाट सीमित बैकिङ्ग कारोबार गर्ने र राष्ट्रिय सहकारी बैंकको हकमा नेपाल राष्ट्र बैंकको निर्देशन अनुसार र अन्य संस्थाहरुको हकमा देहाय बमोजिम ऋण नोक्सानी कोषको व्यवस्था गर्नुपर्नेछ ।

| | | |
|---|---|---|
| १. असल ऋणः | भाखा ननाघेको | १ प्रतिशत |
| २. शंकास्पद ऋणः | १ वर्ष सम्म भाखा नाघेको | ३५ प्रतिशत |
| ३. खराब ऋणः | १ वर्ष भन्दा बढी भाखा नाघेको | १०० प्रतिशत |

**१५. पेश्की लिन नपाइनेः**

१) संस्थाका सञ्चालक, व्यवस्थापक, र लेखासमितिका पदाधिकारीहरूलाई काम र पेश्की फर्छ्यौटको समय सीमा नतोकी पेश्की दिन पाइने छैन ।

२) उपदफा (१) विपरित व्यक्तिगत प्रयोजनका लागि लिएको पेश्की रकमलाई ऋण सरह मानी अधिकतम व्याजसहित असलू उपर गर्नु गराउनुपर्नेछ ।

**१६. तरलता सम्बन्धी व्यवस्थाः**

१) बचत तथा ऋण सम्बन्धी कारोवार गर्ने प्रत्येक संस्थाले कूल निक्षेप रकमको कम्तिमा १५ प्रतिशत रकम तरलता राख्नु पर्नेछ । नगद मौज्दात, बैंक मौज्दात, सरकारी ऋण पत्रमा गरीएको लगानी र सहकारी बैंक तथा वचत तथा ऋण सहकारी संघमा रहेको निक्षेप रकमलाई तरलताको रुपमा गणना गरीनेछ ।

२) प्रत्येक महिनाको अन्तिम दिनलाई आधार मानी तरलताको गणना गर्नु पर्नेछ ।

**१७. संरक्षित पूँजी फिर्ता कोषः**

१) संरक्षित पूँजी फिर्ता कोषको रकम सदस्यहरूलाई बाँडफाँड गरी भुक्तानी गर्नका लागि संस्थासँग प्रत्येक सदस्यले गरेको कारोवारको लेखाको विवरणको आधारमा गर्ने व्यवस्था मिलाउन पर्नेछ ।

२) उपभोक्ता सहकारी संस्था तथा अन्य उत्पादनमुलक सहकारी संस्थाको हकमा संस्थासँग गरेको खरिद तथा विक्री कारोवार र शेयर लगानीका अतिरिक्त अन्य कारोबार भए सो समेत जोडी औषत अनुपात रकम निकाली गणना गर्नु पर्नु र्नेछ।

**१८. लाभाँश वितरणमा प्रतिवन्धः**

सहकारी संस्थाले संस्थाको अघिल्लो वर्षसम्मको खुद सञ्चित नोक्सान पुरा नभए सम्म सदस्यहरूलाई लाभाँश वाड्न पाईने छैन । ऐनले तोके भन्दा बढी हुने गरी कुनै पनि नाममा शेयर सदस्यहरूलाई  लाभाँश बाड्न पाइने छैन ।

**१९. निष्कृय सस्थाः**

(१) लगातार २ (दुई) वर्षदखी वार्षिक साधारण सभा नगर्ने सहकारी संघ संस्थाहरूको विवरण सार्वजनिक गर्ने व्यवस्था नगर कार्यपालिका कार्यालयको सहकारी शाखा ले मिलाउने छ ।

(२) नियमित रुपमा लेखापरीक्षण नगराउने, निर्धारित समयमा साधारण सभा सम्पन्न नगर्ने, सहकारीका मुल्य, मान्यता र सिद्धान्तहरू, प्रचलित ऐन, नियम र विभागले  जारी गरेको निर्देशन एवंम मापदण्ड तथा विनियमको परिपालना नगरेसम्मत्यस्तो संस्थाहरूलाई नेपाल सरकारबाट उपलव्ध गराइने सेवा सुबिधाहरू उपलब्ध गराइने छैन ।

(३) दुई वर्ष भन्दा बढी अबधिसम्म वार्षिक साधारण सभा नगर्ने संस्थाहरू निष्कृय संस्थाहरूको सुचीमा समावेश गरिनेछ । यस्तो सुचीमा परेका संस्थाहरूकोदर्ताखारेज गरिनेछ । संस्था खारेजी र विघटनको कार्य कार्यालयले प्रत्येक वर्ष अनिवार्य रूपमा गर्नु पर्नेछ ।

**२०. दर्ता खारेजीको जानकारी गराउनेः**

कार्यालयले सहकारी संस्थाहरूको दर्ता खारेजी र विघटनको जानकारी सम्बन्धित संघहरूलाई दिनेछ ।

**२१. सहकारी सस्थाको गुणात्मकता बृद्धि सम्बन्धी व्यवस्थाः**

१) एकै क्षेत्र वा स्थानमा एकै प्रकृतिका धेरै संस्थाहरु छन भने त्यस्तो संस्थाहरुको एकीकरणलाई प्रोत्साहन गर्न नगर भित्रका दुई वा दुई भन्दा बढी सहकारी संस्थाहरुले एकीकरण गर्न चाहेमा संस्थाहरुले साविकमा स्वीकृत पाई कारोबार गरिरहेका कार्यक्षेत्र गाभ्ने गरी एकीकरण दिन सकिनेछ ।

**२२. अनुगमन सम्बन्धी प्रक्रिया र जिम्मेवारीः**

१) कार्यालयले संघ संस्थाको अनुगमन गर्दा अनुसुची १ मा उल्लेख भए बमोजिमका ढाँचाको फारम प्रयोग गर्नु पर्नेछ ।

२) कार्यालयबाट संघ संस्थाको निरीक्षण गर्न आउने कर्मचारीले माग गरेका सम्पूर्ण विवरणहरू उपलव्ध गराउनु संस्थाका पदाधिकारी एवं सम्बन्धित कर्मचारीको कर्तव्य हुनेछ ।

३) अधिकार प्राप्त सहकारीका सहकारी संघहरुले समेत अनुगमन कार्यमा उपदफा (१) बमोजिमको ढाँचाको फारम उपयोग गर्नु पर्नेछ । आफूले सम्पन्न गरेको अनुगमनको विवरणको एक प्रति सम्बन्धित कार्यालयलाईसमेत उपलब्ध गराउनु पर्नेछ ।

४) अनुगमनमा संलग्न कर्मचारी वा पदाधिकारीले सो को प्रतिवेदन सम्बन्धित कार्यालयमा काम सम्पन्न भएको मितिले ७ दिन भित्र पेश गरिसक्नु पर्नेछ ।

५) संस्थामा गम्भीर प्रकृतिका आर्थिक अनियमितता भएको पाइएमा अनुगमनकर्ताले २४ घण्टा भित्र लिखित रुपमा प्रमखु प्रशासाकिय अधिकृतलाई जानकारी गराउनु पर्नेछ।

६) प्राप्त अनुगमन प्रतिवेदनका आधारमा कार्यालयले ७ दिन भित्र सुधारको प्रक्रिया अघि बढाउन सम्बन्धित संस्था, संघलाई लिखित जानकारी दिनु पर्नेछ । सुधुार प्रक्रियामा निर्देशनको रुपमा पत्राचार गर्ने वा जिम्मेवार पदाधिकारीहरूलाई कार्यालयमा उपस्थित गराई सुधुारको कार्ययोजना लिने वा अटेर गरेमा कानूनी उपचार र मापदण्ड बमोजिमका कारवाही अघि बढाउने काम प्रमखु प्रशासाकीय अधिकृतको जिम्मेवारी हुनेछ।

९) नियमित रूपमा कार्ययोजना बनाई अनुगमनको कार्य सञ्चालन गर्नु पर्नेछ।

## २३. कारवाही सम्वन्धी प्रावधानहरु:

तथ्यपरक जानकारी प्राप्त भएमा वा अनुगमनको क्रममा पाइएका देहायका गम्भीर प्रकृतिका त्रुटीहरू वा अनियमित कारोवारका लागि देहाय बमोजिमको कारवाही हुनेछ::-

क) अनुगमन कार्यमा सहयोग नगरेमा कारोवार रोक्का गरिनेछ।

ख) शेयर सदस्यहरूलाई नियमानुसार दिन सकिने लाभाँश वाहेक अन्य रकम वितरण गरी अस्वस्थ्य प्रतिस्पर्धा गरेको पाईएमा लाभाँश वाहेकको रकम सञ्चालक समितिका पदाधिकारीहरूबाट दामासाहिका दरले असुल उपर गरी संस्थाको कोषमा दाखिला गराईनेछ।

ग) वार्षिक दुई करोडभन्दा कमको वार्षिक कारोवार गर्ने संस्थाको कार्यकारी प्रमुख वाहेक अन्य सञ्चालकले सहकारी ऐन बिपरित पारिश्रमिक लिएको पाईएमा सो रकम असुल उपर गरी संस्थाको कोषमा दाखिला गराइनेछ। तोकिए वमोजिमको समय भित्र रकम दाखिल नगरेमा संस्थाले साँवा र व्याजसमेत असुल उपर गर्नेछ।

घ) कार्यकारी प्रमुख को पारिश्रमिक निर्धारण गर्दा सञ्चालक समितिबाट निर्णय गरी साधारण सभाबाट अनुमोदन गराउनु पर्नेछ । निर्णय र अनमोदनसम्वन्धी विवरण पेश नगरेमा लिएको पारिश्रमिक नियमित वा असुल उपर गर्नु गराउनु पर्नेछ।

ङ) प्रचलित कानुन र मापदण्डहरु पालना नगरेको पाईएमा संस्थाले प्राप्त गर्ने सुविधाहरू रोक्का गरिनेछ।

च) कार्य क्षेत्र बाहिरका व्यक्तिलाई सदस्यता दिने तथा गैर सदस्यसँग कारोवार गर्ने संस्थाको बैक खाता रोक्का गर्ने, सार्वजनिक सुचना प्रकाशित गरी सर्वसाधारणलाई यस्ता संस्थासँग कारोवार नगर्न सजग गराउने, अनियमितता गरेको सुचना सार्वजनिक गर्ने र प्रचलित कानुन बमोजिमथप कारवाही गरीनेछ।

छ) निक्षेप वापत संकलित रकम अन्यत्र लगानी गरेको पाइएमा उद्देश्य विपरित काम गरेको कसरमा प्रचलित कानुन बमोजिम कारवाही गरिनेछ।

## २४. विज्ञापन मार्फत सदस्यता बिस्तार गर्नमा प्रतिवन्धः

संस्थाले सार्वजनिक रूपमा उपहार योजना राखी वा आकर्षक विज्ञापन गरी शेयर विक्री, वचत संकलन र ऋण प्रवाह गर्न पाउने छैन। यस मापदण्डको प्रतिकूल हुने गरी विज्ञापन वा सुचना वा दृश्य सामाग्री प्रकाशन वा प्रसारण गरेमा प्रचलित कानुन बमोजिम कारवाही हुनेछ। तर संस्थाको

महत्वपर्णू निर्णय, विषय र गतिबिधिका वारेमा सदस्यहरू तथा आम नागरीकलाई जानकारी गराउन सुचनातथा श्रव्य दृश्य

प्रकाशन तथा प्रशारण गर्न यस दफाले वाधा पुर्याएको मानिने छैन । सहकारी सम्बन्धी जनचेतना अभिबद्धि हुने गरी प्रशारण वा प्रकाशन गर्ने सहकारी जागरण सम्बन्धी नियमित पत्रपत्रिका, रेडियो र टेलिभिजनका कार्यक्रम सञ्चालनमा सहयोग र सहकार्य गर्नबाधा पर्ने छैन ।

**२५. कारोवार रोक्का राख्न सकिने:**

सहकारी सिद्धान्त, सहकारी ऐन, नियम, प्रचलित कानुन, मापदण्ड, परिपत्र र निर्देशन पालना नगर्ने संस्था, संघको खाता र कारोवार रोक्का राख्न सकिनेछ ।

**२६. कारवाहीका लागि लेखी पठाईने:**

देहायका कुनै कार्य वा कार्यहरूलाई सहकारी ऐन, नियम विपरित प्रकरणका रूपमा लिई सञ्चालक समितिका पदाधिकारीहरू र व्यवस्थापकलाई प्रचलित सहकारी कानुन बमोजिम कारवाही गरिनेछ ।

क) गैर सदस्यसँग कारोवार गरेमा वा सदस्यनै नबनाई कारोवार गरेमा ।

ख) कार्य क्षेत्र वाहिरका व्यक्ति वा निकायलाई सदस्य बनाएमा ।

ग) यो मापदण्ड जारी भए पछि मापदण्ड विपरित बचत निक्षेपको रकम निजी व्यवसायमा लगानी गरेमा ।

घ) निजी प्रयोजनका लागि अनधिकृत रूपमा सञ्चालकहरूले कोषको अपचलन गरेमा ।

ङ) साधारण सभा नबोलाई र निर्वाचन प्रक्रिया पुरा नगरी आफुखुशी सञ्चालक वा लेखा समितिको पदाधिकारी थपघट गरेमा ।

च) सम्बन्धित निकायबाट इजाजत लिइ मात्र गर्नु पर्ने कार्य वा कारोवार इजाजत नलिइसञ्चालन गरेमा ।

छ) पटक पटक भ्रम सिर्जना हुने आकर्षक विज्ञापन/सुचना मार्फत सदस्यविस्तार वा कारोवार बढाउने काम गरेमा ।

ज) एकै प्रकृतिका एक भन्दा बढी संस्थाको पदाधिकारी भई काम गर्ने गरेको पाइएमा ।

झ) अनधिकृत रुपमा संस्थाको कारोवारमा संलग्न रहेको पाइएमा ।

ञ) कार्यक्षेत्र बाहिर बसोबास गर्ने व्यक्ति संस्थाको सञ्चालक समिति वा लेखा समितिको पदाधिकारी भएको पाइएमा ।

**२७. आचारसहिं ता सम्बन्धी व्यवस्था:**

१) संस्था/संघले सहकारी मूल्य, मान्यता र सिद्धान्तहरू एवं प्रचलित सहकारी ऐन तथा नियमावली, मापदण्ड तथा विनियमावलीमा आधारित भै संस्थाको पदाधिकारी र सदस्यहरूले पालना गर्नु पर्ने आचारसंहिता तयार गरी लागु गर्नु पर्नेछ ।

२) उपदफा (१) बमोजिम लागू भएको आचारसंहिता संस्थाका पदाधिकारी र सदस्यहरूले अनिवार्य रुपमा पालना गर्नु पर्नेछ ।

३) आचार संहितामा उल्लेख नभएमा पनि देहायका मापदण्डहरूको पालना गर्नु प्रत्येक व्यक्तिको दायित्व हुनेछ ।

क) संस्थाका पदाधिकारीहरू अन्य कुनै पनि संस्थाको पदाधिकारीमा बहाल रहन पाउने छैन । एक भन्दा बढी संस्थाकोपदाधिकारी भएको पाइएमा संस्थाले त्यस्ता पदाधिकारीलाई तत्कालै निलम्बन गरी सम्बन्धित कार्यालयमा जानकारी पठाउनु पर्नेछ ।

ख) एक व्यक्ति नगर भित्रका समान प्रकृतिका एक मात्र संस्थाको सदस्य भई सहकारीको मूल्य, मान्यता र सिद्धान्त बमोजिम आफ्नो संस्था प्रति प्रतिबद्ध रहनु पर्नेछ ।

**२८. सहकारी सस्थाको कार्यालय सम्बन्धी व्यवस्था:**

१) संस्थाको कार्यालय तोकिएको कार्यक्षेत्रभित्र स्थापना गर्नु पर्नेछ ।

२) कार्यालयको स्थापना बढी शेयर सदस्यहरू बसोबास गर्ने क्षेत्रमा गर्नु पर्नेछ ।

३) एकै प्रकृतिको संस्थाको कार्यालय रहेको भवन वा घरमा अर्को संस्थाको कार्यालय स्थापना गर्न पाइने छैन । एउटै भवन वा घरमा एक भन्दा बढी एकै प्रकृतिको संस्थाहरूको कार्यालय भएमा पछि खोलिएको संस्थाको कार्यालय अन्य उपयक्तु ठाउँमा सार्न कार्यालयले निर्देशन दिन सक्नेछ ।

४) संस्था/संघको कार्यालय स्थापना गरेको ७ दिन भित्र कार्यालयको निरीक्षण गर्न नगर कार्यपालिकाको कार्यालयलाई लिखित रूपमा जानकारी गराउनु पर्नेछ ।

५) संस्था/संघको कार्यालय सार्नु पर्दा सम्बन्धित कार्यालयको अग्रिम स्वीकृति लिईमात्र सार्न सकिनेछ। कार्यालय सरेको सार्वजनिक रूपमा जानकारी गराउन उपयक्तु संचार माध्यमको उपयोग गर्नु पर्नेछ । कार्यालय स्थापना भएको स्थान वा कार्यालय सरेको स्थानका बारेमा सम्बन्धित सबै सरकारी कार्यालयहरुलाई लिखित रुपमा ७ दिन भित्र जानकारी गराउनु पर्नेछ ।

**२९. साइन बोर्ड राख्ने सम्बन्धी व्यवस्था:**

१) प्रत्येक संस्था/संघले दर्ता प्रमाणपत्रमा उल्लेख भए वमोजिम संस्थाको नाम, दर्ता नम्बर, दर्तामिति, भौगोलिक कार्यक्षेत्र र दर्ता भएको कार्यालयको नाम समेत खुलाई नेपाली भाषा देवनागरी लिपिमा साईन वोर्डलेखी संस्था/संघको कार्यालयमा सवैले देख्ने ठाँउमा राख्नु पर्नेछ ।

२) सहकारीको साइन बोर्डमा एकरूपता ल्याउनको लागि राष्ट्रिय सहकारी संघले निर्णय गरे अनुरुप साइन बोर्डको रङ्ग हल्का हरियोमा सेतो अक्षरले लेखिएको वा बिषयगत केन्द्रीय संघले तोकेबमोजिम हुनुपर्नेछ ।

**३०. सदस्य वडापत्र सम्बन्धी व्यवस्था:**

संस्था/संघको कार्यालयमा सबैले दर्खोनि गरी सदस्य बडापत्र राख्नु पर्नेछ।

**३१. कारोबारको लेखा अध्यावधिक रुपमा राख्ने व्यवस्था:**

१) सहकारी संस्थाले आफ्नो सम्पूर्ण कारोबार तथा संस्थागत विवरण, सुचनार तथ्यांकहरू सहकारी तथा गरीबी सम्बन्धी ब्यवस्थान सुचना प्रणाली(COPOMIS) मा सहकारी कानुनले तोके को समयसीमा भित्र अध्यावधिक गर्नु पर्नेछ ।

२) कम्प्युटरमा अभिलेख राख्ने गरेका संस्थाहरूले आर्थिक तथा प्रशासनिक अभिलेखहरू मासिक रुपमा मुद्रण गरी प्रमाणित गरी राख्न पर्नेछ । मासिक कारोवारको विवरण सदस्यहरूको जानकारीको लागि संस्थाको कार्यालयमा प्रकाशित गर्नु पर्नेछ ।।

३) सहकारी संस्थाहरुले अनुसुची-२ बमोजिमको ढाँचामा प्रत्येक महिना भुक्तान भएको मितिल ७ दिन भित्र विवरण पेश गुर्न पर्नेछ । तर वार्षिक रु. १ करोड भन्दा बढी बचत तथा ऋणको कारोबार

गर्ने सहकारी संस्थाहरुले प्रत्यक तिन महिनामा अनुसुची-२ मा उल्लेखित विवरणहरुको छुट्टा छुट्टै अनुसुची समेत तयार गरी पेश गर्नु पर्नेछ । समयमे विवरण दाखिला नगर्ने संस्थालाई प्रचलित कानून बमोजिम पटकै पिच्छे रु २५००।- सम्म जरिवाना गरिनेछ ।

**३२. सुचना प्रशारण गरिने:**

कुनै संस्था/संघका समिति, पदाधिकारी वा कर्मचारीले प्रचलित कानून,यो मापदण्ड वा थप निर्देशन, स्वीकृत विनियम र सहकारीका सिद्धान्त र मूल्यहरू विपरितका काम कारवाही गरेको पाइएमा सोको विवरणसहित सञ्चालकलाई समय सीमासहित काम कारवाही र कारोवारसच्याउन दिएको निर्देशन कार्यान्वयन नभएमा कविलासी नगरपालिका,नगर कार्यपालिकाको कार्यालयले सोको सूचना संचार माध्यमबाट सम्बन्धित सबैलाई जानकारी गराई सुचित वा सचेत गराउन सक्नेछ ।

**३३. सम्पत्ति खरिद बिक्री गर्दा पारदर्शिता अपनाउनु पर्ने:**

सहकारी संस्थाले अचल सम्पत्ति खरिद वा बिक्री गर्दा साधारण सभाको निर्णय, निर्धारित खरिद बिक्री प्रक्रिया, घटाघट वा बढाबढको प्रक्रियाबाट संस्थालाई बढी फाइदा हुन सक्ने अवस्था र सदस्यहरूको गुनासो नआउने गरी पारदर्शिताको प्रणालीअबलम्बन गर्नु पर्नेछ । संस्थाले घर जग्गा लगायत अचल सम्पत्ति खरिद बिक्री गर्दा पारदर्शी प्रक्रिया अवलम्बन गरे नगरेको साथै प्रचलित मूल्यबाट घटी बढी गरी संस्थाको अहित गरे नगरेको वारेमा अनुगमन गरी नगर कार्यपालिका कार्यालयले आवश्यक निर्देशन दिन सक्नेछ ।

**३४. संस्था सञ्चालनको क्रममा सहकारी सम्बन्धी अभिमुखीकरण तालिम लिनु पर्ने:**

१) वार्षिक १ करोड भन्दा बढि कारोवार गर्ने बचत तथा ऋण सहकारी संस्थाका सञ्चालक समिति र लेखा सुपरीवेक्षण समितिका कम्तिमा ५० प्रतिशत पदाधिकारीहरूले यो मापदण्ड जारी भएका६ ( छ) महिनाभित्र संस्था व्यवस्थापन, सहकारी लेखापालन र लेखापरीक्षण सम्बन्धी तालिम लिनु पर्नेछ । सञ्चालक समिति र लेखा समितिको नयाँ निर्वाचन भएको ६ महिना भित्र पालै पालो यस अघि तालिम नलिएका पदाधिकारीहरूलाई उपरोक्त तालीम लिने व्यवस्था संस्थाले मिलाउनु पर्नेछ । संस्थाहरूले यो व्यवस्थाको पालना अनिवार्य रूपमा गर्नु पर्नेछ ।

२) उपदफा (१) बमोजिमको तालिम लिए नलिएको विवरण सम्बन्धित कार्यालयलेमाग्न सक्नेछ । यस सम्बन्धमा कार्यालयले दिएको निर्देशनको पालना गर्नु सबै संस्थाहरूको दायित्व हुनेछ ।

**३५. नगद मौज्दातको सुरक्षित व्यवस्थापन गर्नु पर्ने:**

१) वचत तथा ऋणको कारोवार गर्ने प्रत्येक संघ/संस्था/बैंकले आफ्नो कार्यालयमा रहने न्यून्यतम नगद मौज्दात, मार्गस्थल नगद र कारोवार काउन्टरको विमा गर्नु पर्नेछ ।

२) उपदफा (१) बमोजिम विमा गरीएको भन्दा वढी रकम कार्यालयमा मौज्दात राख्न पाइने छैन ।

३) नगद रकम बैंकमा जम्मा नगरी नगदै कारोवार गर्ने र कुनै सञ्चालक वा शेयर सदस्य वा कर्मचारीले प्रयोग गर्न पाइने छैन ।

**३६. बचत तथा ऋणको वित्तिय कारोवार गर्ने संस्थाले गर्न नहुने कामहरु:**

क) वासलत वाहिरको कारोवारहरू (जस्तै प्रतितपत्र, जमानत आदि) ।

ख) सदस्यहरूलाई अधिविकर्ष कर्जा प्रवाह ।

ग) ब्यापारिक उद्देयले घर जग्गाको खरिदविक्री तथा सञ्चालकहरूको लगानीमा खोलिएको निजी उद्योग व्यवसायमा लगानी ।

घ) स्पष्ट कार्यविधिअनुसार गरीने लघु कर्जा कार्यक्रम बाहेक विना सरुक्षणमा कर्जाप्रवाह ।

ङ) सुनचाँदी र शेयर प्रमाणपत्र धितो राखी कर्जा प्रवाह ।

च) चल्ती खाता सञ्चालन गर्ने ।

छ) एकमुष्ट ३ वर्ष भन्दा बढी अवधिको आबधिक निक्षेप स्वीकार गर्ने ।

ज) विदेशी मुद्राको कारोवार वा मुद्रा विनिमय ।

झ) चिट्ठा तथा उपहार योजना सञ्चालन ।

ञ) कार्यक्षेत्र बाहिरका र सदस्य बाहेकका व्यक्ति तथा निकायसँगको कारोवार ।

**३७. सम्पत्ति शुद्धिकरण निवारण ऐन नियमको कार्यान्वयन:**

१) वित्तिय कारोवार गर्ने सहकारीका संघ संस्थाहरूले सम्पत्ति शुद्धीकरण निवारण ऐन, २०६४ र नियमावली, २०६६ मा भएका व्यवस्थाहरू अनिवार्य रुपमा पालना गर्नु गराउनु पर्नेछ ।

२) वित्तीय कारोवार गर्ने संस्थाले आफ्ना प्रत्येक सदस्यको स्पष्ट रुपमा अभिलेख राख्नु पर्नेछ ।

३) नेपाल राष्ट्र बैंक, वित्तीय जानकारी इकाइमा पठाउन पर्ने विवरण नियमित र निरन्तर रूपमा पठाउने व्यवस्थाका लागि प्रत्येक वित्तीय कारोवार गर्ने सहकारी संस्था, संघ र बैंकले सञ्चालक समितिको निर्णय बमोजिम कार्यान्वयन अधिकृत तोक्नु पर्नेछ ।

४) यस सम्बन्धमा सम्बन्धित निकायले गर्ने अनुसन्धान वा माग गरेको विवरणहरू उपलब्ध गराई नियमन गर्ने कार्यमा सहयोग गर्नु सबै संस्था/संघको कर्तव्य हुनेछ ।

**३८. सहकारीका मूल्य, मान्यता र सिद्धान्तहरू:**

१. अन्तर्राष्ट्रिय सहकारी महासंघले प्रतिपादन गरेको र विश्वव्यापी रुपमा प्रयोगमा ल्याइएका सहकारीका मुल्य, मान्यता र सिद्धान्तहरूको पालना गर्नु सबै संस्था/संघका निर्वाचित तथा नियुक्त पदाधिकारीहरू एवं प्रत्येक सदस्यहरूको प्रमुख कर्तव्य हुनेछ । सहकारीका मूल्य, मान्यता र सिद्धान्तहरूको प्रयोगका लागि निरन्तर रुपमा आफ्ना सदस्यहरूलाई जानकारी दिने गरी सचेतनाका कार्यक्रमहरू सञ्चालन गर्नु सहकारीका जिम्मेवार पदाधिकारीहरूको जिम्मेवारी हुनेछ ।

२. सहकारी संस्थाका सञ्चालक समितिले प्रचलीत सहकारी कानून र मापदण्डमा गरिएको व्यवस्थाहरूको पालनाका लागि मापदण्ड जारी भएपछि बस्ने साधारण सभामा विनियम संसोधनका लागि प्रस्ताव पेश गरी, पारित गराई कार्यान्वयन गराउन पर्नेछ । साधारण सभाबाट विनियम परिमार्जन नगरेमा विनियममा गरिएको व्यवस्थाहरू प्रचलीत सहकारी कानून र मापदण्डसँग बाझिएमा प्रचलीत सहकारी कानून र मापदण्डका आधारमा विवादको निराकरण गरिनेछ ।

**३९. विनियम सशोधन वा पुनर्लेखन:**

१) संस्थाको प्रारम्भिक साधारण सभाले विनियम संशोधन गर्न सक्ने छैन ।

२) साधारण सभामा विनियम संशोधन वा विनियम पुर्नलेखन प्रस्ताव गर्नु पूर्व सम्बन्धित कार्यालयबाट प्रचलित कानून, सहकारी मापदण्ड र निर्देशन बमोजिम भए नभएको बारेमा

सैद्धान्तिक सहमति लिनपुर्नेछ । पर्वू सैद्धान्तिक सहमति नलिइ गरिएको विनियम संशोधन वा विनियम पुनर्लेखन प्रचलित कानून, नगरपालिकाले जारी गरेको मापदण्ड र निर्देशन बमोजिम नभए प्रमुख प्रशासकीय अधिकृत वा निजले तोके को कर्मचारीले सो प्रावधान अस्वीकृतगर्न सक्नेछ ।

३) साधारण सभाबाट विनियम संशोधन वा विनियम पनुर्लेखन पारित गरी नगर कार्यपालिकाको कार्यालयमा स्वीकृतिको लागि पेश भएको तीस दिनभित्र प्रमखु प्रशासकीय अधिकृत वा निजले तोके को कर्मचारीले विनियम संशोधन वा विनियम पनुर्लेखन स्वीकृत गर्न सक्नेछ ।

अनसुची-१

(दफा २२ (१) संग सम्बन्धित)

अनुगमन फारम

१) सहकारी संःथाको नाम :-

२) दर्ता नं :- मिति :- दर्ता भएको कार्यालय :-

३) ठेगाना :-

४) शेयर पँजी :- (प्रति शेयर रु :-

५) कार्यक्षेत्र :-

६) सञ्चालक समितिको सदस्य संख्याः कार्यकाल : बर्ष (बैठक भत्ता :-रु. )

७) कर्मचारी संख्या :- (बजार प्रतिनिधि :- नियुक्ति दिए/नदिएको :-

८) सफ्टवेयर :-

(९) शेयर सदःय संख्या :-

| | | | |
|---|---|---|---|
| जम्मा :- | परुष :- | महिला :- | संःथागत :- |

१०) निक्षेपकर्ताहरुको संख्याः-

| | | | |
|---|---|---|---|
| जम्मा :- | परुष :- | महिला :- | संःथागत :- |

११) ऋणीहरुको संख्याः

| | | | |
|---|---|---|---|
| जम्मा :- | परुष :- | महिला :- | संःथागत :- |

१२) संस्थाको प्रारम्भिक साधारण सभा भएको मिति :-

कुल सदःय संख्या :

उपःथित सदस्य संख्या :

पछिल्लो साधारण सभा भएको मिति :

कुल सदस्य संख्या :

उपस्थित सदस्य संख्या :

पछिल्लो संचालक समिति निर्बाचन मिति :-

निर्बाचन उप समितिको चयन :-

साधारण सदस्यहरुलाई सभाको सुचना दिने माध्यम र प्रकृयाः-

१३) संस्थाले तयार पारेको कार्य संचालन नियमाबलीहरु, नीतिहरु, कार्यबिधिहरुः

....................................................................................................................................
....

....................................................................................................................................
....

१४) संस्थाले गठन गरेको उप समितिहरु :-

........................................ ........................................

........................................ ........................................

१५) पछिल्लो साधारण सभाबाट पारित भएका मखुय बिषयहरु :-

.......................................... .......................................... ..........................................

.......................................... .......................................... ..........................................

१६) संस्थाको बर्तमान कर्जा प्रकृति वा किसिमहरु (ब्याजदर सहित) :-

| शीर्षक | दर | शीर्षक | दर |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |

१७) संस्थाको बर्तमान निक्षेपका प्रकारहरु (ब्याजदर सहित) :-

| शीर्षक | दर | शीर्षक | दर |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |

१८) निम्न कारोवारहरु गरे नगरेको :- सुनचाँदी कर्जा, गल्ला कर्जा, चल्ती खाता,ओ.डी.कर्जा, आफ्नै शेयरको सुरक्षणमा ऋण लगानी, घर जग्गा किनबेचः

१९) ऐन नियममा तोकिए वमोजिमका सम्वन्धित कार्यालयमा पठाउने गरेको विवरणहरु :-

.......................................... ..........................................

.......................................... ..........................................

२०) खुद बचत/नाफाको कम्तिमा २५ प्रतिशत जगेडा कोषमा जम्मा गरे नगरेको

२१) शेयर पँजीको बढिमा !८ प्रतिशत लाभाँस वितरण गरे नगरेको

२२) संस्थाले कुनै प्रकारको चन्दा, आर्थिक सहयोग प्रदान गरे नगरेको

२३) एउटै लेखापरीक्षक लगातार ३ पटक भन्दा बढी नियुक्ति भएको छ छैन

२४) संस्थाको कूल चुक्ता शेयरपुँजीको २० प्रतिशत भन्दा वढी एउटै ब्यक्ति वा निकाय विशेष ( सरकारी समेत) लाई शेयर विक्रि भएको छ छैन

२५) संस्थाले कर्जामा लिने सेवाशुल्क लगायतका अन्य अतिरिक्त रकमहरु :-

२६) संस्थाको निक्षेप र कर्जा वीचको औसत ब्याजदर अन्तर :-

२७) कर्जा तथा सापटमा पाकेको व्याज नगद प्राप्ति Cash Basisको आधारमा आम्दानी जनाएको र निक्षेपमा प्रदान गर्ने व्याज Accural Basisमा लेखांकन गरेको छ छैन ?

२८) संस्थाको कूल पूँजी कोषको १०% भन्दा बढी एक व्यक्तिलाई ऋण लगानी भएको छ छैन

२९) वचत तथा ऋण नीति तयार गरे नगरेको

३०) सञ्चालक र लेखा समिति सदस्यका उम्मेदवारहरुले मनोनयनका साथमा शेयर प्रमाणपत्रको प्रतिलिपि, कार्यक्षेत्रभित्र स्थायी बसोवास गरेको प्रमाण,संस्थासंग कुनै बक्यौता नरहेको प्रमाण, कर्जा कालोसूचीमा नपरेका स्वःघोषणा आदि कागजात पेश गरे नगरेको

३१) सञ्चालक समिति निर्बाचित भएको मितिले १५ दिनभित्र सञ्चालककहरुको फोटो र तीन पुस्तेसहितको २ प्रति विवरण पेश गरे नगरेको :

३२) संस्थाले ऋण उपसमितिको सिफारिसमा ऋण लगानी गरे नगरेको :

३३) सदस्यहरुलाई कारोवारी, साधारण र संस्थापक भनि बिभेद गरे नगरेको :

३४) साधारण सभा सम्पन्न भएको १५ दिन भित्र लेखापरीक्षण प्रतिबेदन, अध्यक्षले प्रमाणित गरेको सभाका निर्णयको प्रतिलिपि, सदस्यहरुको उपस्थिति विवरण कार्यालयमा पेश गरे नगरेको :

३५) तोकिए बमोजिम कर्जा नोक्सानी ब्यवस्था गरे नगरेको :

३६) सञ्चालक समिति, लेखा समिति, ऋृण उपसमिति सदस्यहरुले संस्थाबाट लिएको कर्जाको विवरण चौमासिक रुपमा सम्बन्धित कार्यालयमा पेश गरे नगरेको:

३७) संस्था दर्ता हुँदाका बखतका बाहेक अन्य सदस्यहरुका हकमा सदस्य बने को तीन महिना नियमित बचत गरेपछि मात्र ऋृण लगानी गर्नुपर्ने पालना भए नभएको :

३८) विनियमको परिधि भित्र रही विभिन्न कोषहरुमा रकम बाँडफाँड गरेको छ छैन:

३९) सञ्चालकहरुले संस्थाबाट उपभोग गरिरहेको वित्तीय तथा अन्य सुबिधाहरू:

४०) संस्थाबाट कर्जा प्रवाह गर्दा माग गरिने कागजातहरु, धितो मूल्याङ्कन लगायत अन्य प्रकृयाहरू :-

४१) पछिल्लो आन्तरिक र बाह्य लेखापरीक्षकहरूका मूल कैफियतहरू:-

४२) ऋृण स्वीकृत गर्ने अख्तियारी कसलाई दिइएको छ ? र कसरी दिइएको छ ?

४३) कर्जा तथा निक्षेपको ब्याजदर परिवर्तन भएको सूचना सदस्यहरुलाई कसरी दिईन्छ

४४) संस्थाको प्रचलित बिनियम बमोजिम सञ्चालक समितिको बैठक बस्ने गरे नगरेको ?

४५) संस्थाले साधारण जगेडा कोष बाहेकका कोषहरु तिनको उद्देश्य अनुसार उपयोग गर्ने गरे नगरेको ?

४६) संस्थाले कर्जा प्रवाह, निक्षेप संकलन र शेयर बिक्रीका लागि बिज्ञापन गर्ने गरे, नगरेको

४७) नगद रकमको ढुकुटी, काउन्टर तथा मार्गस्थ बीमा गरे/नगरेको (गरेको भए, बीमा रकम र म्याद):-

४८) नगदको विबरण खुल्ने Cash Book, Day Bookराख्ने गरे नगरेको, नगदको जिम्मेवारी बाँडफाँड गरे नगरेको, ढुकुटीबाट कारोवारका लागि नगद झिक्दा/राख्दा सो को विबरण राख्ने गरे नगरेको, ढुकुटीको साँचोको जिम्मेवारी क्यासियर र ब्यवस्थापकले लिने गरे नगरेको

४९) संस्थाले समानान्तर सहकारी संस्थाहरूसँग शेयर, निक्षेप र कर्जा/सापटी कारोवार गरेको भए त्यसको विवरण :-

५०)) संस्थाका वर्तमान सञ्चालकहरु समानान्तर सहकारी संस्था, बैंक तथा बित्तीय संस्थाको सञ्चालक पदमासमेत बहाल भएको भए त्यसको विवरण:-

उल्लेखित विषयहरू तथा जानकारी यस संस्थाको आधिकारिक व्यक्ति/व्यक्तिहरूसँग संकलन भएको हो भनी

सही गर्ने आधिकारिक व्यक्तिको नाम :

हस्ताक्षर :

पद :

<u>निरीक्षण टोलीको नाम पद हस्ताक्षर</u>

१

२

३

४

मिति :

अनसुची-२

(दफा ३१ (२) सँग सम्बन्धित)

............................ सहकारी संस्था लिमिटेड कविलासी नगरपालिका, वार्ड नं. .........., सर्लाही

च.सं. ............ मितिः-

च.नं. ............. संस्था दर्ता नं. : .......................................

कविलासी नगरपालिका,
नगर कार्यपलिकाको कार्यालय
सहकारी शाखा
कविलासी, सर्लाही

विषयः ........................ महिनाको मासिक कार्य विवरण पठाएको बारे ।

यस संस्थाको मिति २०७.................................... महिना सम्मको मासिक कारोबारको विवरण देखाए बमोजिम पेश गरेको छ ।

| दायित्व हिसाब | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| क्र.सं. | विवरण | अनुसूची | खंख्या | गत अ.व.सम्म | गत महिना सम्म | यस महिना | जम्मा |
| १ | शेयर पुँजी बाँकी (१०) | १ | | | | | |
| २ | कोष हिसाब (२०)<br>जगेडा कोष<br>कर्जा जोखिम कोष | २ | | | | | |
| ३ | बचत बाँकी (३०) | ३ | | | | | |
| ४ | बाँकी ऋण हिसाब (४०) | ४ | | | | | |
| ५ | भुक्तानी दिनुपर्ने बाँकी (६०) | ५ | | | | | |
| ६ | अन्य भुक्तानी दिनुपर्ने बाँकी (६०) | ६ | | | | | |
| **कुल दयित्व (हि.नं. १० देखि ७० सम्मको जोड)** | | | | | | | |

| सम्पत्ति हिसाब | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| क्र.सं. | विवरण | अनुसूची | खंख्या | गत अ.व.सम्म | गत महिना सम्म | यस महिना | जम्मा |
| ७ | नगद हिसाब (८०) | ७ | | | | | |
| ८ | बैंक हिसाब (९०) | ८ | | | | | |
| ९ | लगानी हिसाब (१००) | ९ | | | | | |
| १० | ऋण लगानी हिसाब (११०) | १० | | | | | |
| ११ | पाउनुपर्ने हिसाब (१२०) | ११ | | | | | |
| १२ | स्थिर सम्पत्ति हिसाब (१३०) | १२ | | | | | |
| १३ | अन्य सम्पत्ति हिसाब (१४०) | १२ | | | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १४ | अन्तिम मालशेष | १३ | | | | | |
| **कुल सम्पत्ति (हि.नं. ८० देखि १४० र अ.मालाशेषको जोड)** | | | | | | | |

| आम्दानी र खर्च हिसाब | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| क.सं. | विवरण | अनुसूची | खंख्या | गत अ.व.सम्म | गत महिना सम्म | यस महिना | जम्मा |
| १५ | समान खरिद तथा खर्च हिसाब (१५०)<br>समान खरिद<br>ढुवानी ज्याला खर्च<br>कर्मचारी तलब तथा भत्ता खर्च | १३ | | | | | |

**नगर कार्यपालिकाबाट स्वीकृत मिति : २०७७/०६/२३ गते**

**आज्ञाले,**
**श्याम किशोर राय**
**नि.प्रमुख प्रशासकीय अधिकृत**

**कविलासी नगरपालिकाद्वारा प्रकाशित** **मूल्य रु. १०/-**